मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप ।
३ नं. प्रदेश, नेपाल

## सुरक्षित आप्रवासन (Safer Migration-SaMi) कार्यक्रमको लागि परामर्श सेवा उपलब्ध गराउन आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७६।०३।२६)**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार रोजगार प्रवर्द्धन कार्यक्रमका लागि नेपाल सरकारबाट आ.व.२०७६।०७७ मा प्राप्त सशर्त अनुदान अन्तर्गत रामेछाप जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी श्रोत केन्द्र (सूचना तथा परामर्श केन्द्र) सञ्चालन गर्ने तथा **मन्थली नगरपालिका, दोरम्बा गाउँपालिका, सुनापति गाउँपालिका र उमाकुण्ड गाउँपालिकामा** समुदाय सचेतिकरण, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (Safer Migration Program) को लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक रामेछाप जिल्लामा दर्ता भएका वा अन्यत्र जिल्लामा दर्ता भई रामेछाप जिल्लामा शाखा स्थापना गरी कार्यक्रम सञ्चालन गरिरहेका गैर सरकारी संघसंस्था वा रामेछाप जिल्लामा ठेगाना राखी कानून बमोजिम दर्ता भएका कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय पत्र आहवान गरिएको छ । तोकिएको योग्यता पुगेका इच्छुक संघ संस्था वा कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट) कार्यालय समयमा मन्थली नगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । आशयपत्रको ढाँचा उल्लेखित नगर/गाउँपालिकाको वेभसाईटः www.manthalimun.gov.np, www.dorambamun.gov.np, www:sunapatimun.gov.np र www:umakundamun.gov.np मा राखिएको छ ।

(१) आशयपत्र दाताको योग्यता : कम्तिमा पाँच बर्ष अगाडी दर्ता भई पछिल्लो २ वर्ष समुदायको सशक्तिकरण, सामाजिक परिचालन, मानव अधिकार वा सुरक्षित बैदेशिक रोजगारको क्षेत्रमा जिल्लामा निरन्तर कार्यक्रम सञ्चालन गरेको ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय : कम्तिमा तीन बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

(४) आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र पेश गर्ने स्थान : मन्थली नगरपालिकाको कार्यालय, मन्थली, रामेछाप ।

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ । उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कुनै कारवाही गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धी सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता (sub contract) गर्न पाईनेछैन । तर कार्यक्रम सञ्चालनको क्रममा रेडियो मार्फत जनचेतना बढाउन, समुदाय सचेतीकरणका लागि प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित संरक्षण केन्द्रसंग सम्झौता गरी सहकार्य गर्न यो बुदाँले कुनै वाधा पुऱ्याउने छैन ।

(९) थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको आर्थिक विकास शाखा वा फोन नं. ०४८ ५४०५३२, ०४८५४०५७४ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत